# जतन



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# जतन



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

प्रथम संस्करण : २०७५

This work is licensed under a Creative Commons Attribution Non-Commercial No Derivatives 4.0 International License (CC BY-NC-ND 4.0). To view a copy of this license, visit https://creativecommons.org/licenses/by-nc-nd/4.0/. Under the Creative Commons Attribution Non-Commercial No Derivatives license, you are free to copy and redistribute the material in any medium or format under the following conditions:

**Attribution**—If you copy and distribute this work in whole or in part, please cite the work as follows: *Reproduced based on an original work developed by Government of Nepal, Ministry of Education, Science and Technology, Curriculum Development Centre, Sanothimi, Bhaktapur and licensed under a Creative Commons Attribution Non-Commercial No Derivatives 4.0 International License.*

**Non-Commercial**—You may not use the material for commercial purposes.

**No Derivatives**—You may not distribute the material if you make any changes to the original, including remixing it with other works, building upon it to create a new work, or transforming it in any other way.

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा यो सामग्री प्रकाशन भएको हो । यसमा रहेका सामग्रीले युएसएआईडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन् । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मानसिक र बौद्धिक विकासका साथै उनीहरूलाई मनोरञ्जन प्रदान गर्न सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । यस सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउन एवम् पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यस चित्र पुस्तकको लेखन उद्धवप्रसाद प्याकुरेल र चित्राङ्कन सुमन महर्जनबाट भएको हो। यस चित्र पुस्तकको सम्पादन रेणुका पाण्डे, पुरुषोत्तम घिमिरे, रजनी धिमाल, चिनाकुमारी निरौला र शाश्वत पराजुलीबाट भएको हो। पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएको यो सन्दर्भ सामग्रीलाई युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिए तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्तमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ।

वि.सं. २०७५ — पाठ्यक्रम विकास केन्द्र

दीपक बेलुकाको खाना खाएर सुते। उनलाई निद्रा परेन। उनले साथीलाई सम्झे। आफूलाई पनि सम्झे। आफ्ना सामानलाई पनि सम्झे।



दीपकले पेन्सिल हेरे, "तिमीले मलाई जतिखेर पनि किन टोकिरहेको हौं ? यसरी टोकिरह्यौ भने म त तिमीसँग कहिल्यै बस्दिनँ।" पेन्सिलले रिसाएर भने झैँ लाग्यो।



दीपकले फेरि रुलरतिर हेरे। "दीपक यता हेर त। तिमीले मलाई कस्तरी ठोक्कायौ। म झन्डै भाँचिएको थिएँ। मेरो जतन गर्दैनौ भने स्कुल जानै दिन्नँ।"



दीपकले झोलातिर हेरे, "दीपक तिमी किन मलाई जथाभावी फालिरहन्छौ ? फोहोर पारिरहन्छौ ? मेरो जतन गर्दैनौ भने तिम्रो सामान हाल्नै दिन्नँ ।"



दीपकले किताबतिर हेरे, "दीपक तिमी किन मलाई जथाभावी च्यातिरहन्छौ ? मेरा पानाहरूमा केरिरहन्छौ ? मेरो जतन गर्दैनौ भने पढ्नै दिन्नँ।"



दीपकले कमिजतिर हेरे, “दीपक तिमी किन मलाई जथाभावी फोहोर पारिरहन्छौ, च्यात्छौ ? मलाई सफा र जतन गर्दैनौ भने स्कुल जानै दिन्नँ ।”



दीपकले जुत्ता र मोजातिर हेरे, "दीपक हामीलाई किन बेला बेलामा धुँदैनौ, फोहोर पारिरहन्छौ ? हामीलाई सफा र जतन गर्दैनौ भने तिम्रो गोडामा बस्दैनौँ।"



दीपकले टिफिन बक्सतिर हेरे, “दीपक तिमी किन मलाई जथाभावी फोहोर पारिरहन्छौ ? सफा गर्दैनौ। फ्याँक्छौ ? मलाई सफा र जतन गर्दैनौ भने खाजा राख्नै दिन्नँ।”



दीपकले खाजा सम्झे, “दीपक तिमी किन मलाई राम्रोसँग खाँदैनौ ? आधाभन्दा बढी बाहिर फाल्छौ ? मलाई निखारेर खाँदैनौ भने तिमीसँग जान्नँ ।”



दीपकले टेबुलतिर हेरे, “दीपक तिमी किन मलाई जथाभावी तिखो पेन्सिलले केरिहन्छौ ? ढ्वाक ढ्वाक हिर्काइरहन्छौ ? मलाई केर्छौ र हिर्काउँछौ भने तिमीसँग बस्दिनँ।”







दीपकले रङतिर हेरे, “दीपक तिमी किन मलाई चित्रमा नदलेर अन्त अन्त मात्र दल्छौ ? मलाई राम्रोसँग चित्रमा लगाउँदैनौ भने तिमीले बनाएको चित्रमा बस्दिनँ।”

दीपक झसङ्ग भए, “ओहो, सबै सामान छरीबरी पो रहेछन्।”

“सामानको जतन गरेन भने सामानहरू त साँच्चै रिसाउँछन् कि के हो ? अब सामान मिलाएर राख्छु र जतन गर्छु।”

